नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, धनकुटा

**अनलाइन दरभाउपत्र (इ-कोटेशन) आव्हानको सूचना**

**दोश्रो पटक प्रकाशित मितिः- २०८१।११।१३**

यस आयोजनाद्वारा सञ्चालित खानेपानी गुणस्तर सुधार कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित निर्माण कार्यहरू खुल्ला प्रतिस्पर्धाबाट गराउनु पर्ने भएकाले इच्छुक रित पुगेका इजाजत प्राप्त व्यक्ति, फर्म वा कम्पनीहरुबाट अध्यावधिक फर्म दर्ता प्रमाणपत्र, इजाजत प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ. व. २०८०।०८१ सम्मको कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, दरभाउपत्र दस्तुर र बैंक जमानी पत्र (बिड बण्ड) को स्क्यान कपीहरू सहित अनलाइन दरभाउपत्र (e-Sealed Quotation) आव्हान गरिन्छ । अनलाइन दरभाउपत्र सम्बन्धी विस्तृत सूचना, ठेक्का पट्टाका शर्तहरू, फारम भर्ने तरीका आदि बारे सम्पूर्ण कागजातहरू (Bid Documents) सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्बन्धी वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ । सोही सूचना तथा शर्त आदिको आधारमा अनलाइन इ-दरभाउपत्र तपसिलमा तोकिएको मिति र समय भित्र पेश गर्न सूचित गरिन्छ ।

**तपसिलः**

| क्र. सं. | दरभाउपत्र नं. | आयोजनाको नाम | दरभाउपत्र दस्तुर रकम (रू) | बैंक जमानत रकम (रू.) | लागत रकम भ्याट बाहेक (रू.) | दरभाउपत्र दाखिला गर्ने र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | FWSSMP/Dhankuta/ SQ/Works/ 01/2081/082 | धनकुटा जिल्लाका सरकारी विद्यालयमा खानेपानी गुणस्तर सुधार कार्यक्रम (Package–1) | १,०००।- | ५५,०००।- | १७,६६,२२१।०४ | दाखिला गर्ने, मितिः २०८१।११।२८ समयः दिउसो १२:०० बजेसम्म र खोल्ने, मितिः २०८१।११।२८ समयः दिउसो १३:०० बजे |
| २. | FWSSMP/Dhankuta/ SQ/Works/ 02/2081/082 | धनकुटा जिल्लाका सरकारी विद्यालयमा खानेपानी गुणस्तर सुधार कार्यक्रम (Package–2) | १,०००।- | ५५,०००।- | १७,६६,२२१।०४ | |
| ३. | FWSSMP/Dhankuta/ SQ/Works/ 03/2081/082 | धनकुटा जिल्लाका सरकारी विद्यालयमा खानेपानी गुणस्तर सुधार कार्यक्रम (Package–4) | १,०००।- | ५५,०००।- | १७,६६,२२१।०४ | |
| ४. | FWSSMP/Dhankuta/ SQ/Works/ 04/2081/082 | धनकुटा जिल्लाका सरकारी विद्यालयमा खानेपानी गुणस्तर सुधार कार्यक्रम (Package–5) | १,०००।- | ५५,०००।- | १७,६६,२२१।०४ | |


# सबैको ध्यान 'राष्ट्रिय बाँस सम्मेलन-२०८१' तर्फ

**रामधन राई, खोटाङ**

यतिखेर खोटाङबासी लगायत बाँस क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने सबै पक्षको ध्यान "प्रथम राष्ट्रिय बाँस सम्मेलन-२०८१"तर्फ केन्द्रीत भएको छ। खोटाङस्थित दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले यही फागुन १५, १६ र १७ गते दिक्तेलबजारमा आयोजना गर्न लागेको ऐतिहासिक बाँस सम्मेलनतर्फ नगरबासी, जिल्लाबासी तथा देशभरका सम्बन्धित र सरोकारवाला पक्षको ध्यान खिचिएको हो।

"जहाँ बाँस त्याहाँ जीवन, जहाँ जीवन त्यहाँ बाँस" भन्ने नारासहित स्थानीय स्तरमा उपलब्ध बाँसको बहुआयामिक महत्व तथा उपयोगिता दर्शाउने लगायतका उदेश्य राखी आयोजना गरिएको राष्ट्रिय बाँस सम्मेलनको तयारी करिब पूरा भईसकेको छ।

सम्मेलनमा आमन्त्रित तथा सहभागी बिशिष्ट पाहुनाहरूलाई आवासको ब्यवस्था, आकस्मिक स्वास्थ्य सेवा, मञ्च ब्यवस्थापन, स्टल ब्यस्थापन लगायतको कार्यको टुंगो लागिसकेको मेयर तीर्थराज भट्टराईले बताउनुभयो। हालसम्म देशभरबाट ५२ वटा स्टल ल्याईने टुंगो लागेको छ। नगरपालिका मुख्य आयोजक रहेको सम्मेलनको आयोजक बन अनुसन्धान तथा प्रशिक्षण केन्द्र बबरमहल काठमाडौं, पर्यटन-बन तथा वातावरण मन्त्रालय कोशी प्रदेश र ग्रीन बेम्बो प्रा.लि. ललितपुर रहेका छन्।

१५ वडा रहेको नगरपालिकाभित्रका सबै वडाध्यक्षहरूको नेतृत्वमा फरक-फरक समिति बनाई सम्मेलन तयारीलाई अघि बढाईएको थियो। तयारी उप-समिति लगायत जिल्लाका सबै सुरक्षा निकाय, उद्योग बाणिज्य संघ, बिभिन्न संघसंस्था, जनप्रतिनिधि लगायत सबै पक्ष सम्मेलन सफल पार्न जुटिरहेको मेयर भट्टराईको भनाई छ।

बाँसको संरक्षण, ब्यवस्थापन, दीगो उपयोग र उद्यमशीलता, प्रकृतिको संरक्षण, स्थानीय रोजगारी तथा राष्ट्रिय अर्थतन्त्रमा बृद्दि गरी समृद्द स्थानीय तह, प्रदेश र राष्ट्र बनाउने सम्मेलनको मुख्य ध्यये रहेको छ। तीन दिने सम्मेलन अवधीमा बाँसजन्य सामाग्रीहरूको प्रदर्शनी तथा बिक्रि बितरणका साथै बिज्ञहरूबाट बिभिन्न कार्यपत्रहरू प्रस्तुत लगायतका कार्यक्रमहरूको तय गरिएको छ। सम्मेलनमा बाँससँग सम्बन्धित १३ जना बिज्ञहरूले कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको आयोजकले उल्लेख गरेको छ।

सम्मेलनले तीन दिने सम्मेलनको मात्र अर्थ नराखी बाँससम्बन्धी राष्ट्रकै नीति निर्माण गर्ने सम्मेलनको बिशिष्ट अर्थ राख्ने नगरप्रमुख भट्टराईको भनाई छ। सम्मेलनबाट दिक्तेल घोषणापत्र सार्बजानिक गर्ने र सो घोषणापत्रकै आधारमा नेपालभर लागु हुने बाँस सम्बन्धी नीति तय हुने नगरप्रमुख भट्टराईलेले सुनाउनुभयो।

सम्मेलनको क्रममा यलम्बर बाजा, बाँसुरी, बिनायो लगायत बाँसजन्य बाजाहरू बजाउने कार्यक्रम राखिएको छ। बाँसको महत्व र उपयोगिता दर्शाउन तथा प्रबर्द्दन गर्न लिङ्गे पिङ खेल्ने, बाँसमाथि चढेर भाले झिक्ने प्रतियोगिता लगायत बिभिन्न कार्यक्रमको आयोजना गरिएको नगरपालिकाले जनाएको छ।

करिब ४७ लाख रुपैंयाँ बराबरको खर्च हुने अनुमान गरिएको बाँस सम्मेलनका लागि नगरपालिकाको तर्फबाट पाँच लाख रुपैंयाँ मात्र बजेट बिनियोजन गरिएको छ। अन्य खर्चका लागि वाँस सम्बन्धी काम गर्ने निकायहरू, बिभिन्न मन्त्रालय, संघसंस्था लगायतबाट नगरपालिकाको खातामा आर्थिक सहयोग जुटेको उल्लेख छ। अनुमानित खर्चमा थप हुन सक्ने आँकलन नगरपालिकाको रहेको छ। जिल्ला बाहिरबाट तीन सयदेखि साढे तीन सय जनासम्मले सम्मेलनमा सहभागी बन्ने जानकारी गराईरहेको बताईएको छ।

नगरपालिका तथा जिल्लाभर नै परम्परागत शैलीमा प्रयोग हुँदै आएको बाँसलाई पछिल्लो समय ब्यवसायिक हस्तकलाका रुपमा उपयोग गर्न थालेको पाईएको छ। बाँस तथा बाँसजन्य हस्तकलाका सामाग्रीहरूको प्रबर्द्दनमा जुट्दै आएको नगरपालिकाले कार्यालय सामाग्रीहरूमा बाँसकै प्रयोग गर्दै आएको छ।

नगरपालिकाले बाँस सम्मेलनको प्रचार-प्रसार गर्न तथा बाँसको महत्व र उपयोगिता दर्शाउन एक महिना अगाडी खुला बाँसुरी बाद्यन प्रतियोगिता आयोजना गरेको थियो। यस्तै, नगरपालिकाले बिद्यार्थीहरूबीच बाँससँग सम्बनिधत निबन्ध प्रतियोगिता लगायतका कार्यक्रमहरू आयोजना गरेको थियो।


Gandaki Province Government
**Ministry of Physical Infrastructure Development & Transport Management**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office, Syangja**

**Invitation for Bids**

**Date of Publication: 2081-11-13 (2025 February 25)**

Infrastructure Development Office, Syangja invites **online bids** under e-procurement system from eligible bidders for the construction of the projects mentioned below under Sealed Quotation and National Competitive Bidding procedures.

| S. No. | Name of Project | Contract ID | Estimated Cost in NRs. (Inclusive of VAT and PS) | Bid Security (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Amale, Doba, Pafan, Bagare Bazar Sadak Staronnati (Waling 11 Dekhi Bhirkot 5 6 Jodne), Waling 11 Syangja | IDOSYANGJA/NCB/ W/R/98/081/82 | 9,653,555.54 | 250,000.00 | |
| 2 | Dumriswara Arlung Sidhheswor Mandir Hudai Bhorle Gramin Krishi Sadak, Waling 13 | IDOSYANGJA/NCB/ W/R/99/081/82 | 9,653,629.77 | 250,000.00 | |
| 3 | Deurali-Jhyabredanda Lasargha Dekhi Rudrabeni Sadak Gandaki Lumbini Pradesh Jodne Sadak Kaligandaki-2 | IDOSYANGJA/NCB/ W/R/100/081/82 | 9,654,570.24 | 250,000.00 | |
| 4 | Chisapani- Archalbot- Nahora Bari Sadak, Putalibazar 7 | IDOSYANGJA/SQ/ W/R/65/081/82 | 1,446,723.24 | 38,000.00 | |
| 5 | Chauki - Dandathar Sadak, Putalibazar 1 | IDOSYANGJA/SQ/ W/R/66/081/82 | 1,928,517.91 | 50,000.00 | |
| 6 | Dungyan Sahuko Dhara Chharchhare Hudai Balchaur Sadak Staronnati, Putalibazar 3 Syangja | IDOSYANGJA/SQ/ W/R/67/081/82 | 1,928,831.35 | 50,000.00 | |
| 7 | Arjunchaupari Rapakot Sarbodaya Sadak Ko Chisapani Phoksing Khole Araudi Panchamul Khanda Sadak Marmat, Arjunchaupari-03 | IDOSYANGJA/SQ/ W/R/68/081/82 | 1,448,405.94 | 38,000.00 | |
| 8 | Kharkhare Bardaha Hudai Pyarsing Sadak, Biruwa 1 Syangja | IDOSYANGJA/SQ/ W/R/69/081/82 | 1,930,366.72 | 50,000.00 | |
| 9 | Hilepani Robdi Thati Sadak Sudhar, Waling-7, Syangja | IDOSYANGJA/SQ/ W/R/47/081/82 | 1,447,578.78 | 38,000.00 | Re-Bid |
| 10 | Kusumbhanjyang Gairiswara Biruwa Bajar Hudai Tanahu Jodne Sadak Starounnati, Biruwa 7,6,1 Ra Tanahu, Syangja | IDOSYANGJA/SQ/ W/R/48/081/82 | 1,930,942.18 | 50,000.00 | Re-Bid |
| 11 | Kola Chautarabata Majhgauko Bato 250 Mi. Kachchi Bato Staronnati (Dhalan Garne), Phedikhola-3, Karadi, Syangja | IDOSYANGJA/SQ/ W/R/49/081/82 | 1,446,748.90 | 38,000.00 | Re-Bid |
| 12 | Sarketari Arukharka Hudai Panchase Jane Motorbatoma Culvert Nirman, Phedikhola 1 | IDOSYANGJA/SQ/ W/R/51/081/82 | 1,928,468.08 | 50,000.00 | Re-Bid |
| 13 | Galyang Simle Gyanjyoti School Hudai Ramba Jodne Sadak, Galyang 3 | IDOSYANGJA/SQ/ W/R/52/081/82 | 1,927,096.41 | 50,000.00 | Re-Bid |
| 14 | Naya Basti Tol Sadak Staronnati, Putalibazar 1 | IDOSYANGJA/SQ/ W/R/54/081/82 | 1,929,430.07 | 50,000.00 | Re-Bid |
| 15 | Jyamire Chiruwa Bhaisigaude Araniko Ma.Vi. Sadak, Putalibazar Na.Pa. 2 | IDOSYANGJA/SQ/ W/R/60/081/82 | 1,925,518.82 | 50,000.00 | Re-Bid |
| 16 | Aahal Dekhi Bharipani Hudai Gaurishankarchok Sadak Staronnati, Aandhikhola | IDOSYANGJA/SQ/ W/R/61/081/82 | 1,930,518.41 | 50,000.00 | Re-Bid |
| 17 | Khaharekholadekhi Sirubari Panchamul Sadak, Aandhikhola Syangja | IDOSYANGJA/SQ/ W/R/62/081/82 | 1,922,279.87 | 50,000.00 | Re-Bid |
| 18 | Masarka Mauriya Hudai Dulegauda Sadak, Putalibazar 7 Syangja | IDOSYANGJA/SQ/ W/R/64/081/82 | 1,928,333.50 | 50,000.00 | Re-Bid |

Last Date of Bid Submission for Sealed Quotation: **2081-12-01(2025 March 14), 12:00 P.M.**
Last Date of Bid Submission for NCB : **2081-12-15 (2025 March 28), 12:00 P.M.**
All other information and Bid Documents can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

**Office Chief**
**IDO Syangja**


## युएसएडको सहयोगमा संचालित चार परियोजना रोकियो

काठमाडौं (नेस)। अर्थ मन्त्रालयले अमेरिकी सहयोग नियोग (यूएसएआईडी)को सहयोगमा सञ्चालन भएका सातवटा कार्यक्रम रोकिएको घोषणा गरेको छ। सोमबार मन्त्रालयले विज्ञप्ति जारी गर्दै शिक्षा, स्वास्थ्य, कृषि र तथ्यांकसँग सम्बन्धित चारवटा कार्यक्रमलाई ९० दिनका लागि रोकिएको जनाएको छ।

त्यसैगरी, तयारीका क्रममा रहेका तीनवटा कार्यक्रम–जैविक विविधता, प्रदेश एवं स्थानीय शासन सुदृढीकरण कार्यक्रम र जलवायु उत्थानशील नगरपालिका सेवा कार्यक्रम पनि रोकिएका छन्।

अर्थ मन्त्रालयका सह-प्रवक्ता श्यामप्रसाद भण्डारीले भन्नुभयो-केही कार्यक्रमहरूको लागि सम्झौता भइ नसकेको कारण र सहयोग प्राप्त नभएको हुँदा ती कार्यक्रम पनि रोक्नु परेको हो।

नेपालमा अमेरिकी सहयोग १९५१ देखि निरन्तर उपलब्ध हुँदै आएको थियो जसले नेपालको आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएको थियो। तर, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पछिल्लो निर्णयका कारण नेपालमा चलिरहेका विभिन्न यूएसएआईडीको कार्यक्रम रोक्न थालेका छन्, जसले देशका विभिन्न क्षेत्रमा असर पुऱ्याएको छ।

## भारतको चर्चित डिएस ग्रुप नेपाली बजारमा

**काठमाडौं, (नेस)**

बहु-व्यापारिक कर्पोरेसन र अग्रणी भारतीय एफएमसीजी समूह धरमपाल सत्यपाल ग्रुप (डिएस ग्रुप) ले भारतीय एथ्निक कन्फेक्शनरी र माउथ फ्रेसनर ब्रान्डहरू लगायत आषना लोकप्रिय कन्फेक्शनरीहरू नेपालमा आधिकारिक रुपमा उपलब्ध गराएको छ।

कम्पनीको यस रणनीतिक कदमले विश्वव्यापी रुपमा विस्तार गर्दै नेपाली उपभोक्तालाई यसको प्रतिष्ठित उत्पादनहरूसँग परिचय गराएको छ। यी उत्पादन नेपालमा वितरण गर्नकालागि एलजी इन्टरनेशनललाई अन-ग्राउन्ड व्यापार साझेदारको रूपमा नियुक्त गरिएको छ।

काठमाडौंमा आयोजित एक डिलर कार्यक्रमको साथ यी उत्पादनहरू नेपालमा उपलब्ध भएको घोषणा गरिएको थियो। कार्यक्रममा प्रमुख वितरकहरू र सरोकारवालाहरूलाई भारतीय स्वादका कन्फेक्शनरी उत्पादनहरू सहित मिठाईका विविध रेञ्जबारे परिचय गराइएको थियो। यसमा रजनीगन्धा सिल्भर पर्ल्स, पास पास जस्ता ताजा माउथ फ्रेसनरहरू र पल्स क्यान्डी, लभिट र चेरियो (हार्ड बोइल्ड क्यान्डी) जस्ता लोकप्रिय क्यान्डी, च्युइङ गमहरू समावेश छन्।

डिएसग्रुप भारतीय स्वादको कन्फेक्शनरी सेगमेन्ट सहितको आषनो कन्फेक्शनरीहरूको अद्धितीय स्वाद नेपाली बजारमा ल्याउन पाउँदा उत्साहित छ, भारतका लागि डिएस ग्रुपका वरिष्ठ निर्यात प्रबन्धक तनुज कुमारले हाम्रा नवीनतम उत्पादन पोर्टफोलियोले उच्च गुणस्तर र स्वादिष्ट परिकारहरू खोजिरहेका नेपाली उपभोक्ताहरूलाई आकर्षित गर्ने दावी गर्नु भयो।

नेपाली कन्फेक्शनरी बजार डि.एस. ग्रुपको लागि महत्वपूर्ण वृद्धिको अवसरका रुपमा रहेको छ। नेपालको समान परम्परा, विश्वास, स्वाद र प्राथमिकताहरू, भारतीय ब्रान्डहरूप्रतिको उच्च स्वीकार्यता तथा विशाल भारतीय पर्यटक संख्याको संयोजनले नेपाल एउटा आशाजनक बजार बनेको छ।

डिएस ग्रुपले नेपाली एफएमसीजी क्षेत्रको विकासमा योगदान पुऱ्याउँदै अद्धितीय यूएसपीहरू सहित उच्च गुणस्तर र नवीन उत्पादनहरू प्रदान गरेर पर्याप्त बजार हिस्सा कब्जा गर्ने लक्ष्य राखेको छ। यो विस्तारले स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउँदै नेपालमा रोजगारीका अवसरहरू सिर्जना गर्नेछ।